# जिल्लास्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा
## पाल्पा

तयार गर्ने

वातावरणीय व्यवस्थापन विकेन्द्रीकरण जिल्लास्तरीय आयोजना

वातावरण अध्ययन तथा संरक्षण केन्द्र

**(ENPROSC)**

सहयोगी निकाय

केनेडियन सहयोग कार्यालय

काठमाण्डौं, नेपाल

माघ २०५६

तानसेन, पाल्पा

# जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा, पाल्पा

## १.० पृष्ठभूमी

पाल्पा जिल्लाको सदरमूकाम तानसेनमा वातावरणीय व्यवस्थापन विकेन्द्रीकरण जिल्ला स्तरीय आयोजना अन्तरगत २०५६ माघ, १४-१५ गते जिल्लाको लागि रणनैतिक वातावरणीय योजना तर्जूमा गर्ने उद्देश्यले जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा कार्यशाला संचालन गरिएको थियो ।यो कार्यशाला वातावरण अध्ययन तथा संरक्षण केन्द्र (ENPROSC) द्वारा केनेडियन सहयोग कार्यालय (CCO) को सहयोगमा जनसंख्या तथा वातावरण मंत्रालय, स्थानीय विकास मंत्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय तथा जि.वि.स. महासंघ नेपाल समेतको प्रतिनित्व रहेको आयोजना सल्लाहकार समितिद्धारा मार्ग दर्शन गरिएको उपरोक्त आयोजनाकै अंगस्वरूप जिल्ला तथा गाऊँ स्तरीय वातावरणीय व्यवस्थापन तालिम पश्चात संपन्न गरिएको थियो ।

उपरोक्त सहभागितात्मक वातावरणीय योजना तर्जूमा वातावरणीय व्यवस्थापन विकेन्द्रीकरण जिल्ला स्तरिय आयोजनाको ***आयोजना स्विकृति दस्तावेज*** मा उल्लेख भएका निम्न कृयाकलापहरूसंग संवन्धित छन् :

- जिल्ला विकास समिति, पाल्पालाई जिल्ला स्तरीय वातावरणीय योजना तर्जूमा गर्न मद्दत गर्ने जसबाट पाल्पा जिल्लाले भोग्नु परेका मूख्य वातावरणीय समस्याहरूको समाधानार्थ उपयुक्त नीतिहरू एवं रणनितिहरूको तय गर्ने ।
- जनसंख्या तथा वातावरण मंत्रालयबाट जारी गरिएको वातावरणीय योजना तर्जूमा निर्देशिका, २०५५ अनुरूपको जिल्ला वातावरण संरक्षण समिति तथा यसको सचिवालय जिल्ला वातावरण संरक्षण इकाईको गठन गर्ने ।

उक्त सहभागितात्मक वातावरणीय योजना तर्जूमा कार्यशालामा जि.वि.स. सभापतिज्यू, अन्य विषयगत समितिका संयोजक जि.वि.स.सदस्यज्यूहरू, श्री स्थानीय विकास अधिकारीज्यू, जि.वि.स.का इन्जिनियरज्यू, अन्य विकाससंग संबन्धित Line Agency का प्रमूखहरू तथा प्रतिनिधीहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, शैक्षिक संस्था एवं प्रमुख राजनैतिक पार्टीहरूका प्रतिनिधीहरू समेत सहभागी हुनुनहुन्थ्यो ।

## २.० जिल्ला स्तरीय वातावरणीय योजना तर्जूमाका सिमाहरू

जि.वि.स.का पदाधिकारीहरू तथा अन्य Line Agency का प्रमूखहरूको कार्य व्यस्तताले गर्दा जिल्ला स्तरीय सहभागितात्मक कार्यशालाको लागी भरमग्दुर प्रयास गर्दा पनि दुइ दिन भन्दा वढी समय उपलब्ध हुन सकेन । सामान्यतया यस प्रकारको सहभागितात्मक अभ्यासको लागि पाँच दिन देखि सात दिन को अन्तरक्रियाको आवश्यकता पर्दछ । यसको अतिरिक्त जिल्लाको पार्श्व चित्र, आधारभूत आँकडाहरू (base line data) एवं स्रोत नक्शा तयार नभइसकेको अवस्थामा तर्क बद्ध पद्धति द्वारा (Logical Framework Approach) सूचकहरूको निर्धारण एवं कृयाकलापहरू तथा आयोजना तहमा विस्तृतरूपले पुग्न सभव भएन ।

## ३.० जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा अभ्यास का उपलब्धिहरू

- पाल्पा जिल्लाका प्रमुख वातावरणीय समस्याहरूको विश्लेषण गरि विद्यमान समस्याहरूका समाधानका उपायहरू तथा समाधान गर्ने मूख्य जिम्मेवारी निकायहरू तथा सहयोगी निकायहरको निक्यौंल गरियो ।
- तर्क वद्ध पद्धतिद्धारा जिल्लास्तरिय वातावरणीय योजना तर्जूमा तालिका तयार गरि जिल्ला वातावरणीय योजना तर्जूमाको लागि आवश्यक पर्ने लक्ष, उद्येश्य र नतिजाहरूको निरूपण गरियो ।
- जिल्लाको वातावरणीय कार्य योजना तयार गर्न आवश्यक पर्ने एवं जिल्लाले वातावरण संरक्षण संबन्धि अपनाउन पर्ने रणनितिहरूको निक्यौंल गरियो ।
- वातावरणीय योजना तर्जूमा कार्यलाई पूर्णरूप दिनका लागि गर्नु पर्ने कामहरू र बाँकी कामहरूको विवरण (Check List) तयार गरियो ।

## ४.० वातावरणीय व्यवस्थापन तालिमहरू तथा वातावरणीय योजना तर्जूमा अभ्यासका सकारात्मक नतिजाहरू

- जनसंख्या तथा वातावरण मंत्रालयको वातावरणीय योजना तर्जूमा निर्देशिका, २०५५ बमोजिमको जिल्ला वातावरण संरक्षण समिति एवं इकाईको गठन भएको छ ।
- जिल्ला स्तरीय सहभागीतात्मक वातावरणीय योजना तर्जूमा कार्यशालाको लगत्तै पछि १७-२२, २०५६ मा जि.वि.स. बाट आयोजना गरिएको जिल्ला स्तरीय दिर्घकालिन रणनैतिक योजना गोष्ठिबाट वातावरण संबन्धि निम्न प्रतिवद्धता ब्यक्त गरिएका छन् :
  - ◆ पाल्पा जिल्लालाई वातावरणीय दृष्टिकोणले नमुना जिल्ला बनाउने ।
    - जिल्लामा बाढि, पैरो र भू-क्षय नियन्त्रण गर्ने ।
    - वातावरणीय सन्तुलन कायम गर्ने ।
    - जिल्लाको जडिवुटीहरू, वन जंगल र भू-बनोटको संरक्षण गर्ने ।
  - ◆ वातावरणीय संरक्षण एवं संवर्द्धनका साथै पूर्वाधार निर्माणमा जोड दिइने ।
    - हरेक गा.वि.स.मा वन नर्सरी स्थापना गर्ने ।
    - हरेका गा.वि.स.हरूमा वैकल्पिक उर्जाको रूपमा गोवरग्यास ल्पान्टहरू जडान गर्नका लागि दिइने अनुदान बढाउने ।

## ५.० जिल्ला स्तरिय सहभागितात्मक वातावरणीय योजना तर्जूमाका उद्देश्यहरू

- वातावरण संरक्षण समितिको गठन गर्ने।
- जिल्ला स्तरिय वातावरण योजनाको नमूनाको खाका निर्माण गर्ने।
  जसबाट जिल्लाले भोग्नु परेका मूख्य वातावरणीय समस्याहरूको पहिचान गरि आवश्यक पर्ने नीतिहरू तथा रणनैतिक कार्य योजनाको निरूपण हुन सकोस् ।
- भविष्यमा विस्तृत जिल्लास्तरिय वातावरणीय योजनाको तर्जूमा गर्नका लागि जि वि स तथा जिल्ला वातावरण संरक्षण समितिले अनुगमन गरि संपन्न गरिनु पर्ने बाँकी कामहरूको विवरण तयार गर्ने ।

## ६.० जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा कार्यशालामा भएका गतिविधिहरू

उक्त कार्यशाला माघ १४-१५, २०५६ मा आयोजना गरिएको थियो जसमा ३२ जनाको सहभागिता थियो । कार्यशालामा सहजकर्ताहरूको भूमिका सामुदायिक विकास विद् श्री दामोदर अधिकारी तथा स्थानिय विकास विद् श्री महेश दाहालले निभाउनु भएको थियो ।

## ६.१ पहिलो दिन (माघ १४, २०५६)

### ६.१.१ शुभारम्भ

कार्यशालाको उद्देश्य संबन्धमा वातावरण अध्ययन तथा संरक्षण केन्द्र (ENPROSC) का अध्यक्ष एवं आयोजना संयोजक श्री ठाकुरप्रसाद कोइरालाले प्रकाश पार्नु भयो । त्यस पछि पाल्पा जि.वि.स.का सभापति श्री भुपेन्द्र बहादुर जि.सी. ले पाल्पा जिल्लामा यस प्रकारको वातावरणीय योजना तर्जूमा कार्यशालाको आयोजना हुनु निश्चयनै सह्राहनीय कार्य हो र विकेन्द्रित जिल्लास्तरीय वातावरणीय आयोजनाले पाल्पा जिल्लामा जिल्ला वातावरण संरक्षण समितिको गठन गर्न योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो । साथै उहाँले यो कार्यशालाको प्रतिफललाई हामीले जिल्लाको वातावरणीय व्यवस्थापनको लागि मार्ग दर्शकको रूपमा ग्रहण गरिने र केही दिन पछि यहाँ हुन लागेको जिल्लास्तरीय दिर्घकालिन रणनैतिक योजना तर्जुमा गोष्ठिको लागि समेत योगदान पुग्ने विचार व्यक्त गर्दै केनेडियन सहयोग कार्यालय (CCO) तथा आयोजकहरूलाई पाल्पामा यस प्रकारको कार्यशाला आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो ।

सहभागीहरू विच परिचयको आदानप्रदान भएपछि, पहिलो दिनको लागि निम्न कार्यक्रम पढेर सुनाइयो :

- परिचय
- कार्यशालाबाट गरिएका अपेक्षा कुराहरूको संकलन
- कार्यशालाका नियमहरू
- कार्यशालाका विधिहरू
- विकासका ५ दशकहरू
- वातावरणीय समस्या पहिचान
- समस्याहरूको विश्लेषण
- समूहकार्य र प्रस्तुतिकरण

### ६.१.२ कार्यशालाबाट अपेक्षा गरिएका कुराहरू

मेटाकार्ड विधीबाट संकलन गरिएका सहभागीहरूबाट अपेक्षा गरिएका कुराहरू निम्नानुसार छन् :

- अल्पकालीन र दिर्घकालीन वातावरणीय योजना तर्जुमा गर्ने वातावरण तयार गर्ने
- वातावरणीय योजनाको कार्यान्वयन तरिका
- वातावरणमा महिला सहभागिता
- वातावरणीय समस्याको पहिचान र समाधानको सरल उपाय
- जनचेतना अभिवृद्धि
- उपभोग / सामाजिक प्रदुषण

- वातावरणीय व्यवस्थापनको लागि समन्वय कसरी
- वाावरणको स्पस्ट परिभाषा
- वातावरण र विकास सन्तुलन
- ऐन नियमको वातावरण सम्वन्धी प्रावधान
- वातावरणको सकारात्मक पक्षको ज्ञान
- वातावरण सकारात्मक कुराको प्रवर्धन
- वातावरणीय अनुगमनको प्रभावकारी व्यवस्थापन
- जिल्लाको श्रोत र साधनको पहिचान

## ६.१.३ कार्यशालाको नियम

- समयको पालना ८ वजे आउने / ४ वजे जाने /छोटो मिठो यथार्थ / सत्य वोल्ने ।
- मन, वचन, कर्मले सहभागिता गर्ने ।
- आकस्मीक /विशेष परिस्थिती वाहेक वाहिर जाने आउने नगर्ने ।
- हात उठाएर एक पटकमा एक जनाले मात्र वोल्ने ।
- ढिला आउनेले गाना गाउन पर्ने ।

## ६.१.४ विकाशका ५ दशकहरू

- १९५० को दशक – अधिकतम आर्थिक वृद्धि
- १९६० को दशक – जनसंख्या नियन्त्रण र आर्थिक विकास
- १९७० को दशक – आर्थिक वृद्धि र न्यायोचित वितरण
- १९८० को दशक – विकासको नया अवधारणा – विकास र वातावरण
- १९९० को दशक – मानविय विकास – शशक्तिकरण र दिगो विकास

## ६.१.५ वातावरणीय समस्याको विश्लेषण

सहभागीहरूलाई तीन समूहमा विभाजन गरेर जिल्लाको विद्यमान वातावरणीय समस्याहरूको पहिचान गरि निम्न शिर्षकहरूको आधारमा विश्लेषण गर्न अनुरोध गरिएको थियो ।

- मूख्य वातावरणीय समस्याहरू
- हाल विद्यमान समस्याहरूका मूख्य कारणहरू
- हाल विद्यमान समस्याहरूका मूख्य असरहरू
- हाल विद्यमान समस्या समाधानका उद्देश्यहरू
- हाल विद्यमान समस्या समाधानका उपायहरू
- हाल विद्यमान समस्या समाधान गर्ने मुख्य जिम्मेवारी निकाय
- हाल विद्यमान समस्या समाधान गर्ने सहयोगी निकाय

समूह १ का सदस्यहरू

१. श्री नवराज शर्मा
२. श्री टंक प्रसाद उपाध्याय
३. श्री श्याम लाल सापकोटा
४. श्री कृष्ण चन्द्र अधिकारी
५. श्री राम सुन्दर शाह

६. श्री दुर्गादत्त रेग्मी
७. श्री उमानाथ आत्रेय
८. श्री रामेश्वरमान वजीमम
९.श्री यमलाल तिमिल्सीना

समूह २ का सदस्यहरू
१. श्री राम प्रसाद खरेल
२. श्री ठाकुर प्रसाद गैरे
३. श्री राधाकृष्ण कँडेल
४. श्री देउ प्रसाद वयम्बु
५. श्री पशुपति भट्टराई
६. श्री शिवराज उपाध्याय
७. श्री सूर्य गौतम
८. श्रीमति लक्ष्मी उपाध्याय
९.श्री लव कुमार यादव

समूह ३ का सदस्यहरू
१. श्री प्रेम चन्द्र पौडेल
२. श्री नारायण जि.सी.
३. श्री डुल वहादुर कुँवर
४. श्री भगवान भण्डारी
५. श्री विरेन्द्र वहादुर हमाल
६. श्री रामेश्वर प्रसाद कलवार
७. श्री नेत्र प्रसाद भट्टराई
८. श्रीमती चमेली देवी श्रेष्ठ

दिनको अन्तमा प्रत्येक समुहबाट एकजना सहभागीले आफ्नो समुहबाट निक्यौंल गरिएको विश्लेषणको प्रस्तुती गर्नुभएको थियो ।

## ६.२ दोश्रो दिन (माघ १५, २०५६)

### ६.२.१ कार्यक्रम

दोश्रो दिनको कार्यक्रम यस प्रकारको थियो :

- अघिल्लो दिनको कृयाकलापको समिक्षा
- तर्कबद्ध पद्धति (Logical Framework Approach) को परिचय
- वातावरणीय योजना तर्जूमा मार्फत निर्धारण गरिने नतिजाहरू
- वातावरणीय योजनाको उद्देश्यहरुको निर्धारण
- वातावरणीय योजना तर्जूमाको लक्ष निर्धारण
- वातावरणीय योजना तर्जूमाको कार्यनिति र रणनितिहरूको निर्धारण

- जिल्ला वातावरणीय योजना तर्जूमालाई विस्तृत रूप दिन बाँकी गर्नुपर्ने कामहरूको विवरण (Check List) तैयारी
- कार्यशालाको मूल्याङ्कन
- समापन

## ६.२.२ तर्कवद्ध पद्धतिद्वारा योजना तर्जूमा तालिका

तर्कवद्ध पद्धति (Log Frame Analysis – LFA ) द्वारा योजना तर्जूमा तालीका (Project Planning Matrix – PPM) तयार गरियो । समयाभावको कारण जिल्ला स्तरीय वातावरणीय योजना तर्जूमाको लक्ष, उद्देश्य र नतिजाहरूको मात्रा निर्धारण गर्न सम्म संभव भयो । यसबाट विस्तृत रूपले भविष्यमा वातावरणीय योजना तर्जूमा गर्नका लागी आधारभूत खाका सम्म तयार भयो । त्यसपछि जिल्ला स्तरीय वातवारणीय योजना तर्जूमा गर्नका लागी नीतिगत तहमा गर्नु पर्ने रणनैतिक कार्यहरूको रूपरेखा तयार गरियो ।

## ६.२.३ गर्नुपर्ने बाँकी कार्यहरूको विवरण

वातावरणीय योजना तर्जूमालाई विस्तृत रूप दिन गरिनु पर्ने बाँकी कार्यहरूको सात सुत्रीय विवरण (Check List) तयार गरियो ।

## ६.२.४ जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा कार्यशालाको मूल्याङ्कन

यसमा सहभागीहरूलाई कार्यशालाको राम्रो पक्ष र केही सुधार गर्नुपर्ने पक्षहरूको निर्धक्क सँग मूल्याङ्कन गर्न अनुरोध गरिएको थियो सामूहिक मूल्याङ्कनको क्रममा निम्न विचार तथा सुझावहरू प्राप्त भएका थिए ।

क. राम्रा पक्षहरू

१ प्रस्तुतिकरण र कार्ड प्रणालीको प्रयोग राम्रो भयो ।
२ गहन र जटिल पद्धतिलाई सहज कर्ताद्वारा सरल रूपमा वुझाइएको ।
३ समयको माग अनुसारको विषय वस्तु प्रस्तुत गरिएको ।
४ समयको समुचित प्रयोग भएको ।
५ सहज कर्ताको राम्रो प्रस्तुति भएको ।
६ सहभागितात्मक प्रणाली भएको ।
७ गोष्ठी सहभागितात्मक र आनन्ददायी भएको ।
८ विषय वस्तुमा स्पस्टता भएको ।
९ सरल र सहभागी मुलक तरिका अपनाइएको ।
१० सहज कर्ताहरू विच राम्रो समन्वय भएको ।

ख. केही सुधार गर्नुपर्ने पक्ष

१ स्लाइडहरू मार्फत राम्रो वातावरण भएका उदाहरणहरू देखाइएको भए राम्रो हुन्थ्यो।
२ गोष्ठीको विषय सूची सुरुमै उपलब्ध गराएमा राम्रो हुने ।
३ गाष्ठीको अवधि वढाउनु पर्ने ।
४ गाडिको आवाजले कहिलेकाहीं छलफलको वेलामा वाधा पारेको ।
५ सहभागितात्मक भए पनि प्रवचन विधीको वढी प्रयोग गरिएको ।
६ Visual Aid को (वातावरणीय प्रभाव विषयमा) अरु प्रयोग भए राम्रो ।
७ थप सहयोगी सामग्रीहरू बाडिएको भए राम्रो ।

## ६.२.५ समापन

कार्यशालाको अन्तमा जि.वि.स. सभापति श्री झपेन्द्र बहादुर जि.सी.ले भन्नु भयो :

यो सुन्दर नगरी तानसेन, पाल्पामा केनेडियन सहयोग कार्यालय(CCO) र आयोजकहरूले गरेको प्रयासलाई धन्यवाद दिन चाहन्छु । हामीले आधारभूत वातावरणीय योजना तर्जूमाको अवधारणको विकास गरेका छौं, अव अरुकार्यहरू गर्न बाँकी नै छ । अव सवै विकाससँग संवन्धित निकायहरूले विकास कृयाकलापमा कसरी वातावरणीय पक्षहरूलाई एकिकरण गर्ने भन्ने कुरामा अरु सचेत भएको हुनु पर्छ । यस वातावरणीय योजना तर्जुमा अभ्यासबाट विषयगत समस्याहरूको विश्लेषण भएको छ, तर क्षेत्रगत समस्याहरूको पनि संकलन हुनु पर्दछ । जिल्लाका वातावरणीय समस्याहरू के के हुन ? अव हामीले जिल्लाको आधारभूत तथ्याङ्कहरू (Baseline data) को संकलन गर्नु पर्दछ । यो कार्यशालाको प्रतिफललाई एकिकृत रूपमा लागु गर्न सक्यौं भने निश्चय पनि लाभदायी हुनेछ । श्री ५ को सरकारले जनसंख्या तथा वातावरण मंत्रालय र स्थानीय विकास मंत्रालय मार्फत जिल्लामा वातावरणीय योजना तर्जूमा तथा व्यवस्थापनको निमित्त केहि रकम उपलब्ध गर्नु पर्छ । अन्तमा, आफ्नो अमूल्य योगदानको लागी सवै सहभागीहरूलाई धन्यवाद ।

पदमपब्लिक बहुउद्येश्यीय माध्यामिक विद्यालयका प्रधानाध्यापिका श्रीमती लक्ष्मी उपाध्यायले सहभागीको तर्फबाट आफ्नो मन्तव्य यसरी व्यक्त गर्नुभयो:

खाली राजधानीको वातानुकुलित कक्षहरूमा मात्र योजना तर्जूमा गरिन्छ भन्ने छाप यस कार्यशालाको अनुभवबाट निराकरण भएको छ ।हामीले तानसेनमा यसरी भेला भएर पाल्पा जिल्लाको वातावरणीय समस्याहरूको विश्लेषण गर्‍यौं यदि यो अभ्यासको प्रतिफलबाट जिल्लाको आधारभूत योजना तर्जुमामा अनुवादित हुन सक्यो भने यो साँचै नै उपयोगी ठहर्ने छ ।

वातावरण अध्ययन तथा संरक्षण केन्द्रका अध्ययक्ष एवं आयोजना संयोजक श्री ठाकुरप्रसाद कोइरालाले भन्नुभयो :

जि.वि.स. सभापतिज्यूले प्रतिवद्धता व्यक्त गर्नु भए अनुरप आजको जि.वि.स. बैठकले जिल्ला वातावरण संरक्षण समिति तथा यसको सचिवालय जिल्ला वातावरण संरक्षण इकाईको गठन तथा स्थापना गरियो ।यसबाट वातावरणीय पक्षलाई कार्य रूपमा संस्थापन गर्नमा मद्यत मिल्नेछ । मलाई विश्वास छ यस अभ्यासबाट सवै लाइन एजेन्सी, गैर सरकारी संस्थाहरू एवं सम्बद्ध सवै पक्षलाइ आ-आफ्नो कार्यक्रममा वातावरणीय पक्षलाई समेट्न अभिप्रेरित गर्ने छ । आफ्नो व्यस्तताको वावजुद सकृय योगदान पुर्‍याउनु भएका समस्त सहभागीहरूलाई हार्दिक धन्यवाद ।

७. जिल्ला स्तरीय वातावरणीय योजना तर्जूमालाई चार भागमा विभक्त गरिएको छ :

- पहिलो, वातावरणीय समस्या विश्लेषण तालिका
- दोस्रो, योजना तर्जूमा तालीक(PPM)
- तेस्रो, पाल्पा जिल्लाको वातावरण संरक्षण एवं सम्वर्धनको निमित्त अपनाइनुपर्ने रणनैतिक कार्य दिशा
- चौथो, विस्तृत वातावरणीय योजना तर्जुमा गर्नको लागी जि.वि.स. तथा जिल्ला वातावरण संरक्षण समितिको अनुगमन गर्नु पर्ने बाँकी कार्यहरूको विवरण(Check List)

## ७.१ वातावरणीय समस्या विश्लेषण तालिका

| हाल विद्यमान समस्याहरू | | | समाधान | | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| मुख्य वातावरणीय समस्याहरू | मुख्य कारणहरू | उल्लेखनीय असरहरू | उद्देश्यहरू | समधानका उपायहरू | मुख्य | सहयोग |
| वन विनस | • डडेलो लगाउने प्रवृत्ती<br>• विकास निर्माण कार्यहरू (सडक, नहर, विद्युत)<br>• वन फडानी (दाउरा, घास, चरन, काठ)<br>• अव्यवस्थित वसोवास | • वन पैदावरको अभाव<br>• प्राकृतिक सौन्दर्यको ह्रास<br>• अनावृष्टी<br>• वन्य जन्तुको पलायन र विनास<br>• भू-क्षय | • वन सम्पदाको संरक्षण र विकास गर्ने | • डडेलोवाट हुने असरको वारेमा जनतालाई सचेत गराउने ।<br>• व्यवस्थित वसोवासको व्यवस्था गर्ने ।<br>• विकास निर्माणका कार्यहरू गर्दा वन संरक्षणको पक्षलाई अनिवार्य रूपमा समावेस गर्ने<br>• कृषि वनको विकासमा जोडदिने<br>• वैकल्पीक उर्जाको प्रयोग गर्ने (वायो ग्यास) Subsidies थप गर्ने<br>• सामुदायिक वनको अवधारणालाई अझ सुदृढ वनाउने<br>• व्यवसथित चरनको विकास गर्ने<br>• कानूनको कडाइका साथ पालना गर्ने गराउने | जिल्ला वन कार्यालय | • स्थानीय निकाय<br>• उपभोक्ता समिति<br>• गैर सरकारी संस्था |
| भू-क्षय अत्याधिक | • भिरालो भुवनैटमा खेतीका लागि खनजोत गर्नु<br>• जथाभावी हुने विकास निर्माण<br>• अतिवृष्ठी ।<br>• नहरवाट अव्यवस्थित रूपमा पानी प्रयोग । | • यातायात र संचारमा अवरोध<br>• मलीलो माटो वग्नाले उत्पादकत्वमा ह्रास<br>• खेती योग्य जमिनको विनास<br>• पैरो र वाढीवाट | भू-क्षय न्यूनीकरण गर्ने | • भिरालो आवादी जमिनमा गह्रा सूधार गर्ने ।<br>• खाली जमिनमा वृक्षारोपण र संरक्षण गर्ने ।<br>• भूवनौटको आधारमा उपयुक्त सिंचाई प्रविधि प्रयोग गर्ने ।<br>• विकास निर्माण कार्य गर्दा | जिल्ला भू संरक्षण कार्यालय | • स्थानीय निकाय<br>• उपभोक्ता समिति<br>• गैर सरकारी संस्था |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • वन विनास | धनजनको क्षती । | | भूसंरक्षणको पक्षलाई पनि प्राथमिकता दिई कार्यान्वयन गर्न गराउने ।<br>• भिरालो जमिनमा फलफूल तथा घांस खेती गर्न ।<br>• समूचीत पानी प्रयोगको ज्ञान किसानलाई दिने ।<br>• कन्टुर लाइन खेती प्रणालीलाई वढावा दिने (अन्नवाली) | | |
| जथाभावी हुने विकास निर्माण | • योजनावद्ध निर्माण कार्यको अभाव (Systemetic planning)<br>• भू वनोट र भू क्षमता अनुसार योजना तर्जुमा नगरिनु ।<br>• एकिकृत गुरु योजना विना निर्माण कार्य गरिनु<br>• निर्माण कार्य पश्च्यात हुने नकारत्मक प्रभावको अध्ययनको कमी | • मानवीय सुविधाको विकासमा अवरोध (वाटो, ढल, पानी, विद्युत, हावा)<br>• अव्यवस्थित निर्माण कार्यवाट धनजनको क्षती<br>• उत्पादकत्वमा ह्रास । | विकास निर्माणवाट हुने नकारात्मक असरहरूको न्युनीकरण गर्न | • एकिकृत योजनावद्ध निर्माण कार्यको थालनी गर्न ।<br>• प्रारम्भिक वातावरणीय मूल्याङकन र वातावरणीय प्रभाव मूल्याङकनको आधारमा न्युनीकरणको उपायहरू अवलम्वन गर्न ।<br>• आवश्यक पूर्वाधारहरू पुरा भए पछिमात्र निर्माण कार्य गर्न स्वीकृती दिने ।<br>• भूमी उत्पादकत्व र भूक्षमताको आधारमा भूउपयोग गर्न । | निर्माण संग सम्वन्धित सरकारी कर्यालयहरू<br><br>(नीतिगत व्यवस्थाका लागि) राष्ट्रिय योजना आयोग | • स्थानीय निकाय<br>• उपभोक्ता समिति<br>• गैर सरकारी संस्था |
| जनचेतना को अभाव | • असमानता (लैगिक/जात/धनी/गरीव)<br>• भौगोलिक विकटता ।<br>• अन्धविश्वास र कुरीतीहरू<br>• सर्व सुलभ शिक्षाको अभाव । | • गरीवी वढनु ।<br>• वन फडानी हुनु<br>• साक्षरतामा कमी हुनु | चेतनामा वृद्धिगर्न | • महिला शशक्तिकरण गर्न ।<br>• जातीय भेदभाव गर्नलाई कारवाही गर्न प्रकृयालाई व्यवहारीक वनाउने ।<br>• स्वरोजगार मुलक शिक्षा दिने ।<br>• सर्वशुलभ शिक्षालाई प्रभावकारी रूपमा लागु गर्न | जिल्लाका सरकारी निकायहरू (जि.शि.का., जि.स्वा.का., जिल्ला प्रशासन कार्यालय) | स्थानीय निकाय जि.वि.स./न.पा./गा.वि.स. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • यातायात र संचारमा (सूचना) वृद्धि गर्ने | | |
| प्रदुषण | • पानीको अभाव ।<br>• विषादीको गलत प्रयोग ।<br>• जनचेनाको अभाव ।<br>• फोहरमैला तथा ढल निकासमा समस्या ।<br>• पुरानो सवारी साधन र धुले सडकहरूको प्रयोग । | • वन डडेलो तथा आगलागी हुनु ।<br>• प्रदुषित वातावरण हुनु<br>• रोग व्याधीमा वृद्धि हुनु। | जलवायु र माटोमा प्रदुषण कम गर्ने | • वातावरणीय शिक्षा तथा प्रचारमा जोड दिने ।<br>• फोहरमैला तथा ढल निकासमा उचित व्यवस्थापन गर्ने ।<br>• औषधी तथा रसायनीक मलको उचित प्रयोग गर्ने<br>• सवारी साधनमा मापडण्ड कायम गर्ने ।<br>• पानीको मूल संरक्षणको लागि उचित व्यवस्थापन गर्ने ।<br>• डम्पीङ साइडको उचित प्रवन्ध गर्ने । | स्थानीय निकाय (जि.वि.स., न.पा., ,गा.वि.स.) | जनता/ सरकार |
| वातावरणीय सररफाई | • जनचेतनाको कमी हुनु<br>• फोहरमैलाको उचित प्रवन्ध नहुनु ।<br>• कडा नियम तथा कार्यान्वयनको अभाव । | • रोगव्याधीमा अत्याधिक वृद्धि (महामारी)<br>• पर्यटन प्रवन्धमा कमी । | वातावरणीय सरसफाइमा सुधार गर्ने । | • स्वास्थ्य शिक्षामा जोड दिने ।<br>• उचित कानूनको निर्माण र कडाइका साथ पालन गराउने<br>• डम्पीङ साइटको उचित प्रवन्ध गर्ने । | जिल्लाका सरकारी निकायहरू (जि.खा.पा./ जि.स्वा.का./ वन/ शिक्षा) | ◆स्थानीय निकाय जि.वि.स./न.पा./गा. वि.स.)<br>◆सामाजिक संस्थाहरू |
| सामाजिक प्रदुषण वढ्नु | • जाडरक्सी, जुवातास खेल्ने प्रवृती वढेको (मादक पदार्थको प्रयोग)<br>• उछृङखल भेष भुषा ।<br>• जातीय धार्मिक भेदभाव ।<br>• अनुपयुक्त सरकारी नीति ।<br>• लैङगिक भेदभावको कारण सामाजिक असमानता | • झैझगडा, हिंसा, पारीवारीक कलह वढेको<br>• आर्थिक हानी, जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने ।<br>• उत्पादकत्व ह्रास हुने । | सामाजिक प्रदुषण उल्लेखनीय रूपमा घटाउने । | • जाडरक्सी वेच्ने समय र स्थान तोकिनु पर्ने ।<br>• सामाजिक मान्यता प्राप्त भेष भुषा लगाउन, जनचेतना अभिवृद्धि गर्ने ।<br>• जातीय धार्मिक भेदभाव हटाउने<br>• जनचेतना मूलक कार्यक्रम सचालन गर्ने । | ◆स्थानीय निकाय,<br>◆प्रहरी प्रशासन<br>◆संघ संस्था<br>◆शैक्षिक संस्थाहरू<br>Social Pressure दिनु पर्ने<br>◆मठ मन्दीर | ◆स्थनीय संघ संस्था ◆क्लव<br>◆आमा समुह<br>◆जि.वि.स., न.पा.<br>◆परिवार<br>◆समाज<br>◆स्थानीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वढेको । | | | • जातीय तथा धार्मिक सहिष्णुता कायम गर्ने विषयमा प्रचार प्रसार गर्ने । | संचालक, धार्मिक संघ संस्था र मिडिया | वुद्धिजिवीहरू |
| धार्मिक सास्कृतिक संपदाको विनास | • गुठी जग्गा अतिक्रमण<br>• मठ मन्दीको सिमाना उल्लङ्घन ।<br>• वाहिरी छाडा संस्कृतीको वढ्दो प्रवेश । | • धार्मिक आस्थामा कमी<br>• सामाजिक विखण्डन भएको । | धार्मिक सास्कृतिक संपदाको संरक्षण गर्ने । | • मठ मन्दीर संचालकहरूले सकृय भै सम्पत्ती संरक्षणमा लाग्नु पर्ने<br>• आफ्नो सास्कृतीक पनलाई वढावा दिने । | ♦गुठी संस्थान<br>♦संचालक (मठ मन्दीर)<br>♦संचार माध्यम स्थानीय | ♦विभिन्न संघ संस्था<br>♦श्री ५ को सरकार<br>♦यु.खे.तथा सं.मत्रालय |
| जनसंस्या वृद्धि निरन्तर भैरहनु | • शिक्षाको अभावले परिवार नियोजन प्रति आकर्षण नहुनु ।<br>• धार्मिक मान्यता र छोरा पाउने रहरले गर्दा | • गरीवी र वेरोजगारी वढ्नु ।<br>• सामाजिक जग्गा अतिक्रमण हुनु ।<br>• स्थानीय वन विनास हुनु<br>• स्वास्थ्य र शिक्षामा चाप<br>• खाद्यान्नको कमी हुनेभै कुपोषढ वढ्नु । | जनसंख्या वृद्धि दरमा कमी ल्याउने । | • राजनैतीक पार्टीहरूले टिकट दिदा २ भन्दा वढी सन्तान हुनेलाई टिकट नदिने ।<br>• २ सन्तान भएका जागीरेलाई स्वास्थ्य शिक्षा र वृत्ति विकासमा विषेश सुविधा दिने ।<br>• परिवार नियोजनका साधन सुलभ रूपमा उपलव्ध गराउने ।<br>• जनसंख्या नियन्त्रण सम्वन्धी प्रचार प्रसार गराउने । | ♦निर्वाचन आयोग<br>♦राजनैतीक पार्टीहरू<br>♦जनसंख्या तथा वा. मन्त्रालय<br>♦विभिन्न गैर सरकारी संस्था<br>♦स्थानीयसंचार माध्यम | ♦राजनैतीक पार्टी<br>♦जि.स्वा.का.<br>♦प.नि.सं.<br>♦म.वि.शा. आदी । |
| सार्वजनीक तथा खुल्लास्थल हरूमाथी अतिक्रमण | • जनसंस्या वृद्धि<br>• नैतिकतामा ह्रास<br>• सार्वजनीक जग्गाको सिमाङ्कन राम्रोसंग नहुनु । | • चरणको अभाव ।<br>• सार्वजनीक स्थलहरू (शौचालयGreen Park ) को अभाव,<br>• सुन्दरताको नष्ट ।<br>• वाटो घाटोमा सागुरो पन | सार्वजनीक तथा खुल्ला स्थल माथीको अतिकमण रोक्ने | • सार्वजनिक जग्गाको नाप नक्शा अध्यावधीक गर्ने ।<br>• सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई सामाजिक वहिस्कार गर्ने | ♦भू.सु.तथा.व्य. मन्त्रालय<br>♦स्थानीय जनसमुदाय तथा प्रशासन | स्थानीय निकाय जि.वि.स. |

## ७.२ योजना तर्जुमा तालिका (PPM)

### जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना

| योजनाको सारांस | सूचकहरू | प्रमाणित गर्ने आधार (MOV) | प्रभावपार्ने वाहिय तत्व (Assumptions) |
|---|---|---|---|
| *लक्ष :*<br>• आर्थिक सामाजिक र सास्कृतिक जीवन स्तरमा अभिवृद्धि भइ जिल्लाको दिगो विकास भएको हुनेछ । | | | |
| *उद्देश्य :*<br>• प्रकृति र विकास कृयाकलाप विच उपयुक्त संतुलन कायम भएको हुनेछ । | | | |
| *नतिजाहरू :*<br>• वनसंपदाको संरक्षण र विकास भएको हुनेछ ।<br>• भू-क्षय न्युनीकरण भएको हुनेछ ।<br>• विकास निमार्णवाट वातावरणमा पर्ने नकारात्मक असर न्युनीकरण भएको हुनेछ ।<br>• वातावरण संरक्षण गर्ने सम्वन्धमा जनचेतना अभिवृद्धि भएको हुनेछ ।<br>• जलवायु र माटो प्रदुषण कम भएको हुनेछ ।<br>• वातावरणीय सरसफाईको स्थीति सुधार भएको हुनेछ ।<br>• सामाजिक प्रदुषण उल्लेखनीय रूपमा घटेको हुनेछ ।<br>• धार्मिक सास्कृतिक सम्पदाहरूको उचित संरक्षण र मर्मत संभार भएको हुनेछ ।<br>• जनसंख्या वृद्धिदरमा कमी आएको हुनेछ ।<br>• सार्वजनिक तथा खुल्ला स्थानमाथीको अतिक्रमण रोकिएको हुनेछ ।<br>• अव्यवस्थित वसोवास व्यवस्थित भएको हुनेछ ।<br>• जैविक विविधताको संरक्षण भएको हुनेछ ।<br>• जैविक प्रविधिवाट वातावरण संरक्षण भएको हुनेछ ।<br>• वातावरण मैत्री कृषि प्रणाली भएको हुनेछ । | | | |

कृयाकलापहरू :

## ७.३ रणनीतिहरू

१ भूउपयोग नक्शा तयार गर्ने ।

२ वातावरण सम्वन्धी: अनौपचारीक शिक्षा, विद्यालय र महाविद्यालय स्तरमा दिइने व्यवस्था मिलाउने ।

३ जिल्लाको वातावरणीय गुरु योजना तयार गर्ने ।

४ ऐन नियमको कार्यान्वयन भए नभएको हेर्ने, अनुगमन निकायको व्यवस्था गर्ने ।

५ जिल्ला स्तरीय पुरातात्वीक सम्पदा संरक्षण समिति गठन गरी भइरहेको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

६ वन तथा भू-संरक्षण मंत्रलयले संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने ।

७ चरन र वन उपयोग सम्वन्धी निर्देशिका तर्जुमा गरी प्रचार प्रसार गर्ने, डण्ड पुरस्कारको व्यवस्था मिलाउने ।

८ सार्वजनिक र नीजि वन क्षेत्रको रूपमा निर्धारण र सिमाङ्कन गर्ने ।

९ जनसहभागितात्मक पद्दतिद्धारा वातावरण संरक्षणको लागि सार्वजनिक तथा खुला स्थलहरूको संरक्षण र उपयोग गर्ने ।

१० सामुदायिक परिचालनलाई संरक्षणको प्रमुख माध्यम मानी स्थानीय स्तरका संरक्षण नीतिहरू तर्जुमा गर्ने ।

स्थानीय निकाय, जनप्रतिनिधि, पार्टी प्रतिनिधि, प्रशासन रहेको समितिले वातावरणीय कृयाकलापको समन्वय साथै वातावरणीय श्रोतहरू माथिको अतिक्रमणको अनुगमन तथा मुल्याङ्कन गर्ने तथा डण्ड, पुरस्कारको व्यवस्था मिलाउने ।

## ७.४ वातावरणीय योजना तर्जुमाका लागि गर्नु पर्ने वांकी कार्यको विवरण (Check List)

१ योजना तर्जुमाका लागि "सूचकहरू" वनाउने ।

२ योजना तर्जुमा गर्दा "प्रभावपार्ने वाहिय तत्व"(Basic Assumptions) खुलाउने।

३ योजना तर्जुमा गर्दा प्रमाणित गर्ने आधार(MOV) खुलाउने ।

४ यस कार्यशालावाट प्राप्त नतीजलाई जिल्लाको दिर्घकालिन योजनामा समावेस गर्ने ।

५ पर्यावरणीय पार्श्व चित्र वनाउने ।

६ श्रोत अनुमान र व्यवस्थापन (आर्थिक र मानवीय) को व्यवस्था मिलाउने ।

७ जिल्ला वातवरण संरक्षण समिति र इकाई गठन/प्रभावकारी गराउने(नीतिगत व्यवस्था, समन्वय, अनुगमन र मुल्याङ्कन गर्ने कार्यक्रम~~का लागि~~)।

## ८.० जिल्ला स्तरीय दिर्घ कालीन रणनैतिक योजना गोष्ठी

जिल्लास्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमा कार्यशालाको लगत्तै पछि पाल्पा जि.वि.स. द्वारा २०५६ माघ १७ देखी २२ गते सम्म जिल्ला स्तरीय दिर्घ कालिन रणनैतिक योजना गोष्ठीको आयोजना गरिएको थियो/यस गोष्ठीमा जि.वि.स. पदाधिकारीहरू, सरकारी कार्यालयहरू, राजनैतिक पार्टीहरू, पत्रकारहरू, दुइ गा.वि.स.हरू, गैर सरकारी संस्थाहरू, माननीय सांसदहरू,

तानसेन नगरपालीका लगाएत ६० जनाको सहभागिता रहेको थियो यस गोष्ठीको उद्देश्य पाल्पा जिल्लाको लागी १२ वर्षे रणनैतिक विकास योजना को दृष्टि र दिशा निर्धारण गर्नु रहेको थियो ।

## ८.१ पाल्पाको लागी विकासको परिकल्पना(Development Vision)

वातावरणीय व्यवस्थापन विकेन्द्रिरण जिल्लास्तरिय आयोजनाबाट वातावरण व्यवस्थापन संबन्धि प्रदान गरिएको तालीमहरू तथा तत्पश्चात गरिएको वातावरणीय योजना तर्जूमा कार्यशालाबाट पर्न गएको सकारात्मक प्रभाव यस गोष्ठीको निष्कर्षहरूमा प्रकट भएको छ।वातावरणीय दृष्टिले निम्न महत्वपूर्ण परिकल्पनाहरू (Vision) छन् :

- पर्यटन उद्योगको विकास तथा विस्तार
  - ऐतिहासिक कला र संस्कृतिको संरक्षण
  - बर्तुड - श्रीनगर - रानीघाट जोड्ने निजि क्षत्रको केवुलकार
  - ग्रामिण पर्यटन
  - नमूना शहर निर्माण
- वातावरणीय दृष्टिले नमूना जिल्ला बनाउने
- सवैलाई स्वच्छ र सर्व सूलभ पिउने पानी
- सवै गा.वि.स.हरूमा गुणात्मक स्वास्थ्य सेवा

## ८.२ पाल्पा जिल्लाको समग्र एकिकृत परिकल्पना

पाल्पा जिल्लाको लागी समग्र एकिकृत परिकल्पनामा उल्लेख गरिएको छ कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी र पर्यटन सहितका पूर्वाधारहरू निर्माण गर्ने । यस परिकल्पनाकालागी तय गरिएका उप-परिकल्पनाहरू निम्न अनुसार रहेका छन् :

- गाऊँ गाऊँको विकास, घर-घर रोजगार
- आय बढाऔं, जीवन स्तरमा वृद्धि गराऔं
- पर्यटन, शिक्षा, स्वास्थ्य र रोजगारीका लागी पूर्वाधार
- प्रत्येक घरमा विजुली, पानी र चिकित्सक सहितको हराभरा पाल्पा
- आधारभूत आवश्यकताहरूको पूर्तिका लागी प्रतिवद्ध होऔं
- सामाजिक तथा आर्थिक सुधारबाट गरिवी निवारणको लक्ष प्राप्त गर्ने
- सवै पाल्पालीको इच्छा : कृषी, पर्यटन, स्वास्थ्य र शिक्षा

## ८.३ पाल्पा जिल्लाको लागी रणनैतिक दिशा

पाल्पा जिल्लाको दिर्घकालिन विकासको लागी चार मूख्य रणनैतिक दिशाहरू निर्धारण गरिएका थिए :

(क) वातावरणीय संरक्षण एवं संवर्धन र पूर्वाधारको विकास मा जोड दिने ।

- व्यवसायीक कृषी प्रणालीलाई जोड दिने
- रोजगार मूलक कृषी जन्य उद्योगहरूलाई जोड दिने
- बजार व्यवस्थापन गर्ने
- वातावरणीय सरक्षण एवं संवर्धनमा जोड दिने
  - प्रत्येक गा.वि.स.मा वन नर्सरीको स्थापना गर्ने

- प्रत्येक गा.वि.स.मा वैकल्पिक उर्जाको रूपमा गोवरग्यासको स्थापना गर्न अनुदानमा वृद्धि गर्ने

(ख) रोजगार मूलक व्यवसायीक शिक्षाको माध्यमबाट मानविय संसाधनको विकास गर्दै लैजाने ।

(ग) वातावरणीय संरक्षण एवं सम्वर्धनको साथै सरचनाहरूको विकासलाई जोड दिदै जाने

(घ) सहभागितामूलक समन्वय र अनुगमनको आधारमा पारदर्शी योजना प्रणाली लागु गर्दैजाने ।

## ९.० उपसंहार

पाल्पा जिल्लास्थित विभिन्न निकायहरूको कार्य व्यस्तताको कारण सामान्यतया ५ देखि ७ दिन लाग्ने जिल्ला स्तरीय सहभागितात्मक वातावरणीय योजना तर्जूमाको अभ्यास दुइ दिनमा सिमित गर्नु परेको कारणले उक्त योजना तर्जूमालाई विस्तृत रूप दिन संभव भएन । तथापी वातावरणीय योजना तर्जूमाको लागी जि.वि.स.लाई सहयोग गर्ने उद्देश्यले मूख्य वातावरणीय समस्या विश्लेषण र समाधान, वातावरणीय योजना तर्जूमाका लक्ष निर्धारण, यसका उद्देश्यहरू, यसबाट अपेक्षित नतिजाहरू, अपानाउनु पर्ने रणनैतिक कार्यहरू र जिल्ला वातावरणीय योजनालाई पूर्णरूप दिनका लागी निकट भविष्यमा गर्नुपर्ने बाँकी कार्यहरूको सूचिको खाका सम्म तयार गरियो । साथै, आधारभूत तथ्याङ्क (Baseline data), तथा जिल्लाको वातावरणीय पार्श्व चित्रको आभावमा कृयाकलाप तथा आयोजना स्तरको तह सम्म प्रवेश गर्नु व्यवहारिक भएन ।

अव गरिनु पर्ने प्रमुख कार्यहरूमा निम्न अनुसार रहेका छन् :

- आधारभूत तथ्याङ्क सहित जिल्लाको पार्श्व चित्र तथा स्रोत नक्शा तयार गर्ने ।
- जिल्लाको वातावरणीय पार्श्व चित्र तयार गर्ने ।
- जिल्ला वातावरणीय योजना तर्जूमाको लागी नतिजाहरू हासिल भए नभएको सूचकहरू निर्धारण गर्ने ।
- लक्ष, उद्येश्य र नतिजाहरू हासिल गर्न आवश्यक वाह्य पक्षहरू र संभावनाहरूको निर्धारणगर्ने ।
- गतिविधिहरू/कृयाकलापहरूको निर्धारण गरि आवधिक-वार्षिक योजना(Annual Plan) तयारगर्ने ।

माथि उल्लेखित प्रसंगहरूद्धारा यो स्पष्ट हुन्छ कि जि.वि.स. पाल्पा अन्य संबद्ध पक्षहरूसँग सहकार्य गरि जिल्लाको दीर्घ कालीन रणनैतिक योजना तर्जूमामा वातावरणीय पक्षहरूलाई समेट्न प्रतिवद्ध छ । साथै, जिल्ला वातावरण संरक्षण समिति र इकाईको पनि गठन भइसकेको छ ।यस आधारमा पाल्पा जिल्ला वातावरण व्यवस्थापनलाई संस्थागत रूप दिन अग्रणी स्थानमा रहेको छ । वातावरणीय व्यवस्थापन विकेन्द्रीकरण जिल्लास्तरीय आयोजनाबाट यस कार्यमा पुग्न गएको सहयोग वापत जि.वि.स. पाल्पाले वातावरण अध्ययन तथा संरक्षण केन्द्रका अध्यक्ष एवं आयोजना संयोजकलाई जिल्ला वातावरणीय संरक्षण समितिको प्रमुख सल्लाहकार समेत तोकेको छ ।

Annex I

# जिल्ला स्तरीय रणनैतिक वातावरणीय व्यवस्थापन योजनाको
## *नमुना*

प्राम्कथन

विषय सूची

तालिका र चित्रहरुको सूची

संक्षेपहरु (Abbreviations)को सूची

धन्यवाद ज्ञापन (Acknowledgement)

जिल्लाको नक्शाहरु

सारांस

अध्याय १ : परिचय

- जिल्लाको भौगोलिक वनौट
- जिल्लाको सामाजिक, आर्थिक तथा सांस्कृतिक संभावनाहरु
- वातावरण र स्रोत व्यवस्थापनको अवस्था

अध्याय २: वातावरणीय व्यवस्थापनका समस्या (सवाल) हरुको वर्गीकरण तथा प्राथमिकताहरु

- समस्याहरुको वर्गीकरण
- समस्याहरुको प्राथमिकरण

अध्याय ३ : रणनैतिक वातावरणीय व्यवस्थापन योजनाको दृष्टि, उद्देश्य र अवधारणहरु

- दृष्टि तथा लक्ष
- योजनाका उद्देश्यहरु
- योजनाका नतिजाहरु
- योजनाका कृयाकलापहरु
- योजनाका सुचकहरु, प्रामाणीक गर्ने माध्यमहरु, जिम्मेवारी निकायहरु
- समग्र व्यवस्थापिकिय अवधारणहरु

अध्याय ४ : रणनैतिक वातावरणीय व्यवस्थापन योजनाको अवयवहरुतथा कार्यनितीहरु

- कानूनी तथा संस्थापकिय संयत्रहरु
- एकिकृत नीति र योजना तर्जूमा प्रणाली
- एकिकृत व्यवस्थापन प्रणाली
- व्यवस्थापन तथा प्राविधिक क्षमता निर्माण
- सूचना प्रणालीको सुधार
- दीगो वित्तिय संयन्त्रको विकास

अध्याय ५ : कार्यान्वयन प्रकृया र तालिम

- लाइन एजेन्सीहरुका योजना तथा कार्यक्रमहरु सग समन्वय र सवन्ध
- सस्थागत र व्यवस्थापिकिय तौर तरिकाहरु
- कार्यान्वयन तालिका
- अनुगमन तथा मूल्याङ्कन
- रणनैतिक वातावरणीय व्यवस्थापन योजनामा संसोधन तथा सूधार

अध्याय ६ : वित्तिय साधन र स्रोत

# जिल्ला वातावरणीय पार्श्वचित्रमा समावश हुन पर्ने विषयहरु

प्राक्कथन

विषय सूची

तालिका र चित्रहरुको सूची

सक्षेपहरु (Abbreviations) को सूची

धन्यवाद ज्ञापन (Acknowledgement)

जिल्लाको नक्शाहरु

सारांस

अध्याय १ : परिचय

- तर्क तथा उद्देश्यहरु
- अवधारण र तरिकाहरु
- भौगोलिक अवस्थिति

अध्याय २ : प्राकृतिक वरदानहरु

- जिल्लाको भू-भौतिक वातावरण
- जलवायु तथा जलिय अवस्थाहरु
- भू-भौतिक स्रोतहरु
- जीव तथा वनका वनस्पतीहरु
- खानीजन्य स्रोतहरु
- जलस्रोतहरु

अध्याय ३ : भू-उपयोग प्रणालीहरु र स्रोत नक्शा

अध्याय ४ : मुख्य आर्थिक स्रोतहरु

- कृषि
- पाल्तु जीव जन्तुहरु
- उद्योग
- वाणिज्य
- सेवा र पर्यटन
- अन्य

अध्याय ५ : प्रदूषणको अवस्था

- वायु
- जल

- जमीन
- ध्वनी

अध्याय ६ :

- जनसंख्या
- आप्रवास (बसाईसराई)
- रोजगारी
- शिक्षा
- आय
- स्वास्थ्य
- घरेलु व्यवहारहरु

अध्याय ७ : भौगर्भिक बनोट र प्राकृतिक प्रकोपहरु

अध्याय ८ : संस्थागत र कानूनी ढाँचा

- समग्र संस्थापकिय ढाँचा
- समग्र कानूनी ढाँचा
- वातावरण संरक्षणको लागी वित्तिय व्यवस्था

अध्याय ९ : वातावरणीय कार्यक्रमहरु र आयोजनाहरु

अध्याय १० : वातावरणीय तथ्याकगत आवश्यकताहरु

Annex 3

# परियोजना र यसको वातावरण

परियोजनाले पार्ने प्रभाव

परियोजनाको वातावरण

परियोजना

परियोजना तर्जूमा तालिकाका प्रमुख तत्वहरु

| | | |
|---|---|---|
| लक्ष्य | | |
| उद्येश्य | | वाह्य पक्षहरु |
| नतिजाहरु | | वाह्य पक्षहरु |
| गतिविधरुहरु | | वाह्य पक्षहरु |

विभिन्न तहका उद्देश्यहरु

| | | | |
|---|---|---|---|
| **लक्ष्य**<br><br>वृहत उद्देश्य जसमा परियो जनाले सानो यो गदान मात्र पुर्याउँछ । | | | |
| **उद्देश्य**<br><br>परियो जनाले हासिल गर्न खो जेको उद्देश्य (असर, प्रभाव) | | | |
| **नतिजाहरु**<br><br>परियो जनाले निकाल्नै पर्ने नतिजाहरु | | | |
| **गतिविधिहरु**<br><br>नतिजाहरु निकाल्नका निम्ति कार्यान्वयन गर्नै पर्ने प्रमुख गतिविधिहरु | | | |

## सूचकहरु

| | | | |
|---|---|---|---|
| लक्ष्य | लक्ष्य हासिल भए नभएको प्रमाणीत गर्ने सूचकहरु | | |
| उद्देश्य | उद्देश्य हासिल भए नभएको प्रमाणित गर्ने सूचकहरु | | |
| नतिजाहरु | नतिजाहरु हासिल भए नभएको प्रमाणित गर्ने सूचकहरु | | |
| गतिविधीहरु | बजेट<br><br>HMG CIDA<br>बजेट .............. ..............<br>मानविय स्रोत .............. ..............<br>सामग्री .............. .............. | | |

**मूख्य अवधारणहरु :**

- परियोजनाको मूल्याङ्कन गर्ने आधार भए व्यवस्थापन गर्न सकिन्छ ।
- सूचकहरु सख्यात्मक, गुणात्मक, समय, स्थान र लक्षित समूह समेत समावेश गरेर लेख्नु पर्छ ।
- आसय तहका सूचकहरु परियोजनाले अन्त्यमा (EOP) पार्ने प्रभाव (Impact) हरु हुन् ।

पुस्ट्याईका आधारहरु :

| | | | |
|---|---|---|---|
| लक्ष्य | | | |
| उद्देश्य | | उद्देश्य तहका सूचकहरुलाई प्रमाणित गर्ने पुस्ट्याइका आधारहरु के के हुन् ? कहाँ पाइन्छन् ? | |
| नतिजाहरु | | नतिजा तहका सूचकहरुलाई प्रमाणित गर्ने पुस्ट्याईका आधारहरु के के हुन् ? कहाँ पाइन्छन् ? | |
| गतिविधीहरु | | गतिविधीह के कसरी कार्यान्वयन भईरहेका छन् (Status) भनि प्रमाण गर्ने पुस्ट्याईका आधारहरु के के हुन् ? कहाँ पाइन्छन् ? | |

## जोखिम पक्षहरु

| | | | |
|---|---|---|---|
| लक्ष्य | | | |
| उद्देश्य | | | लक्ष्य हासिल गर्न आवश्यक वाह्य पक्षहरु |
| नतिजाहरु | | | उद्देश्य हासिल गर्न आवश्यक वाह्य पक्षहरु |
| गतिविधीहरु | | | नतिजाहरु निकाल्न आवश्यक वाह्य पक्षहरु |

## जोखिम पक्ष कसरी पहिचान गर्ने ?

- समग्र वाह्य पक्षहरु पहिचान गर्ने ।
- वाह्य पक्षका महत्वहरु तथा सभाव्यताको विश्लेषण गर्ने ।
- महत्वपूर्ण तथा ५० प्रतिशत भन्दा वढी सभाव्य वाह्य पक्षहरु पहिचान गर्ने र तिनलाई जोखिमका रुपमा राखेर प्रभावित गर्न आवश्यक गतिविधी तर्जुमा गर्ने ।

परियोजना तर्जुमा तालिका (**PPM**) ले निम्न प्रमुख प्रश्नहरुको जवाफ दिन्छ :

| प्रश्न | जवाफ |
|---|---|
| परियोजना के का निम्ति सचालन गर्ने ? | लक्ष्य |
| परियोजनाले के हासिल गर्न चाहेको छ ? | उद्देश्य |
| परियोजनाले के के नतिजा निकाल्नै पर्छ ? | नतिजाहरु |
| परियोजनाले के कसरी नतिजाहरु निकाल्छ ? | गतिविधिहरु |
| कुन कुन वाह्य पक्षहरु परियोजनाको सफलताका निम्ति अति आवश्यक छन् ? | जोखिम पक्षहरु |
| परियोजना सफल भए नभएको कसरी मुल्याङ्कन गर्ने ? | सूचकहरु |

# बार्षिक कार्य योजना : एक रुपरेखा

**नतिजा :** ..................................................................

| गतिविधी उपगतिविधी | समयावधी | | | | | | | | | | | | जिम्मेवा | अपेक्षित नतिजा | लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गतिविधीहरु | श्रा | भा | अ | का | म | पौ | मा | फा | चै | वै | जे | आ | | | |
| गतिविधी १ | | | | | | | | | | | | | | | |
| उप-गतिविधी | | | | | | | | | | | | | | | |
| १.१ | | | | | | | | | | | | | | | |
| १.२ | | | | | | | | | | | | | | | |
| १.३ | | | | | | | | | | | | | | | |
| गतिविधी २ | | | | | | | | | | | | | | | |
| उप-गतिविधी | | | | | | | | | | | | | | | |
| २.१ | | | | | | | | | | | | | | | |
| २.२ | | | | | | | | | | | | | | | |
| २.३ | | | | | | | | | | | | | | | |
| २.४ | | | | | | | | | | | | | | | |
| गतिविधी ३ | | | | | | | | | | | | | | | |
| उप गतिविधी | | | | | | | | | | | | | | | |
| ३.१ | | | | | | | | | | | | | | | |
| ३.२ | | | | | | | | | | | | | | | |
| ३.३ | | | | | | | | | | | | | | | |
| ३.४ | | | | | | | | | | | | | | | |